## बागमती गाउँपालिकाबाट चालु आ.ब २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाई

### संक्षिप्त प्रतिवेदन




**आयोजक**

बागमती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर

**सहजीकरण/प्रतिवेदन**

Helping Hands Consultancy & Resource Center Pvt. Ltd.
हेल्पीङ्ग् हयाण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि
Madhyapur Thimi-3, Bhaktapur

जेठ २०८२

**"कृषि, पर्यटन र पूर्वाधार : समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार"**

# बागमती गाउँपालिकाबाट चालु आ.ब २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन-२०८२

**भट्टेडाँडा, ललितपुर**

## १. कार्यक्रमको परिचय

सरोकारवाला नागरिक र स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरु बीच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा बसेर गरिने खुला छलफललाई नै सार्वजनिक सुनुवाई भनिन्छ। सार्वजनिक निकायले दिने सेवाको विषयमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई नियमित संचालन गर्ने गरिन्छ। स्थानीय विकास निर्माण तथा सेवा प्रवाहको विषयमा सेवाग्राही र सेवप्रदायकबीच हाक्काहाक्की प्रश्नोत्तरको शैलीमा आयोजना गरि सेवाग्राहीहरुको पीरमर्का, गुनासाहरु सुनी प्रभावकारी सेवा प्रवाहको लागि सार्वजनिक सुनुवाई संचालन गर्ने गरिएकोछ। स्थानीय तह तथा सरकारी वा सार्वजनिक निकायले नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेकोछ। सार्वजनिक सुनुवाई नियमित संचालन गर्दा सेवाप्रवाह प्रभावकारी हुनुको साथै गुणस्तरीय विकास निर्माण प्रक्रियालाई समेत मद्धत पुग्दछ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै सुशासन, पारदर्शीता र जबाफदेहिता प्रबर्द्धन गर्ने विषय उल्लेख गरिएकोछ। त्यसैगरि नेपालको संविधान २०७२ को धारा ५१ राज्यको निर्देशक सिद्धान्त (च.३) मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्नुपर्ने, धारा २७ (मौलिक हक) सूचनाको हकले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेकोछ। त्यस्तै, सुशासन ऐन २०६४ को दफा ३० (१) ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था रहेकोछ भने **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु**को उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेकोछ।

स्थानीय तह बित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को ३.४ अनुगमन, मूल्याङ्कन तथा लेखा परीक्षण अन्तर्गत (७७) मा **प्रत्येक चौमासिकमा कम्तीमा एकपटक** आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोछ। त्यसैगरि, **बागमती गाउँपालिका सामाजिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८** जारी गरी सोही अनुसार कार्य गरिरहेको देखिन्छ। बागमती गाउँपालिकाले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासा तथा जिज्ञासाहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले बागमती गाउँपालिकाको परिसर भट्टेडाँडामा **२०८२ जेठ ३० गते शुक्रवार**का दिन सार्वजनिक सुनुवाई संचालन गरिएको थियो।

## २. कार्यक्रमको उद्देश्य

- बागमती गाउँपालिका तथा वडा कार्यालयबाट चालु आ.व २०८१/०८२ को हालसम्म भएको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुलाई नागरिकहरु प्रति थप जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउँदै थप सेवा सुधारको लागि प्ररित गर्ने ।
- नागरिक अभिमत संकलन पश्चात् आएको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासा वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने व्यक्तिको**

नाम : **श्री उमङ्ग मैनाली (स्वतन्त्र सहजकर्ता)**

ठेगाना : **हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि. मध्यपुरठिमि न.पा.-३, भक्तपुर**

कार्यक्रम आयोजक : **बागमती गाउँपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर**

सार्वजनिक सुनुवाईको विषय : **बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवाको प्रभावकारिता तथा विकास निर्माणको गुणस्तरीयता**

**<u>कार्यक्रम विवरण</u>**

- मिति : ३० जेठ २०८२ शुक्रवार
- स्थान : बागमती गाउँपालिकाको परिसर भट्टेडाँडा, ललितपुर
- समय : दिनको १ बजेदेखि ४ बजेसम्म (३ घण्टा)
- आयोजक : बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुर
- सहजीकरण : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.मध्यपुरठिमि न.पा.-३, भक्तपुर

## ४. जवाफदेही वक्ताहरु

- बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन** *(अध्यक्षता समेत)*
- बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**
- बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री राममणि काफ्ले**
- बागमती गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री ज्ञान बहादुर लो**
- बागमती गाउँपालिका वडा नं २ का कार्यवाहक अध्यक्ष **श्री रामकृष्ण तिमल्सिना**
- बागमती गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री नबराज खड्का**
- बागमती गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री रामकुमार लामा**
- बागमती गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री नवराज तिमिल्सिना**
- बागमती गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री नारायण भोम्जन**
- बागमती गाउँपालिका वडा नं ७ का अध्यक्ष **श्री होम प्रसाद बजगाई**

**अतिथि**

- जनसंवाद डटकमका प्रबन्धक **श्री बाबुलाल स्याङ्तान**

## ५. सार्वजनिक सुनुवाईको उपस्थित विवरण

| दलित | | जनजाति | | ब्राम्हण, क्षेत्री, नेवार | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| १ | ० | ७ | १४ | १० | ३७ | १८ | ५१ | ६९ |

**(सहभागीहरुको विस्तृत विवरण अनुसूची-५ मा राखिएकोछ ।)**

## ६. संचालन प्रक्रिया

***प्रारम्भिक चरण***

### क. समन्वयात्मक बैठक

बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म प्रबाह भएका सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईको लागि बागमती गाउँपालिका अध्यक्ष श्री बिर बहादुर लोप्चन, उपाध्यक्ष श्री भक्तबहादुर दर्लामी मगर, प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण थापा, सूचना अधिकारी श्री मिलन शर्मा घिमिरेसँग हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि. को तर्फबाट सहजकर्ता श्री उमङ्ग मैनालीले समन्वय गर्नुभएको थियो । गाउँपालिकाको निर्णय पश्चात् २०८२ जेठ ३० गतेका दिन गाउँपालिकाको केन्द्रमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् आवश्यक तयारी लगायत ब्यवस्थापकीय कार्यहरु गाउँपालिका तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.ले गरेको थियो ।

### ख. सहजकर्ताको छनौट तथा समन्वय

बागमती गाउँपालिकाको कार्यालयले आयोजना गरेको बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको निर्णय अनुसार तेस्रो पक्षको रुपमा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.सँग संझौता गरी कार्य गरिएको थियो । सार्वजनिक सुनुवाईको नेतृत्व सुशासन बिज्ञ एवं स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनालीले गर्नुभएको थियो । गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरुसँग नियमित रुपमा सम्पर्क तथा समन्वय गरिएको थियो । ब्यवस्थापकीय पक्षको विषयमा नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण थापा र सूचना अधिकारी श्री मिलन शर्मा घिमिरेसँग आवश्यक समन्वय गरिएको थियो ।

### घ. बहिर्गमन अभिमत संचालन

बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म प्रबाह भएका सार्वजनिक सेवाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व गाउँपालिकाबाट प्रवाह गरिएको सेवा तथा विकास निर्माणमा नागरिकको सन्तुष्टीको अवस्था मापन गर्न **बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८** को अनुसुची २० मा ब्यवस्था भए अनुसारको गाउँपालिकाको ७ (सात) वटै वडा तथा गाउँपालिकाहरुबाट बहिर्गमन अभिमत संकलन गरिएको थियो । तेस्रो पक्षको तर्फबाट सहजकर्ता **श्री पूर्ण बहादुर कार्की**ले बागमती गाउँपालिका तथा वडाबाट प्रत्यक्ष सेवा लिएका १०० जना सेवाग्राहीबाट बहिर्गमन अभिमत संकलन गर्नुभएको थियो । २०८२ जेठ २५ गतेदेखि २८ गतेसम्म बागमती गाउँपालिका तथा वडा कार्यालयबाट सेवा लिएर फर्किएका ३१ जना महिला र ६९ जना पुरुष सेवाग्राहीसँग सहजकर्ताले प्रश्नावली भराउनु भएको थियो । प्रश्नावलीमा सार्वजनिक सेवा तथा वस्तुको

गुणस्तरसँग सम्बन्धित ६ वटा प्रश्नावली तथा राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरु पनि समेटिएको थियो। प्रश्नावली भरिसेकेपछि विश्लेषण गरिएको नतिजा सार्वजनिक सुनुवाईको सुरुवात्मा नै प्रस्तुत गरी जवाफदेही वक्ताहरुबाट प्रतिक्रिया लिइएको थियो । समग्रमा सबै प्रश्नहरुमा सन्तोषजनक नै उत्तर प्राप्त भएको थियो । बहिर्गमन अभिमतको बिस्तृत नतिजा शीर्षकगत रुपमा **अनुसूची-२** मा राखिएकोछ ।

## घ. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय सरकारले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के-के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएकोछ ? सेवा प्रवाह गर्न लागि कस्ता-कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के- कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नुपर्ने अवस्थाछ भन्ने कुराको गहन अध्ययन गरिएको थियो । स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् ? सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५, सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५, स्थानीय सरकार संचालन ऐन २०७४ तथा बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ जस्ता विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन सहजकर्ताद्धारा गरिएको थियो ।



स्थानीय राजपत्र

बागमती गाउँपालिका, ललितपुरद्वारा प्रकाशित

| खण्ड ४ | संख्या ७ | मिति: २०७८/०४/०१ |
|---|---|---|

भाग २

बागमती गाउँपालिका


स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको कार्यविधि संख्या ७

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८

## ङ. सार्वजनिक सुनुवाईको प्रचार-प्रसार

बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवाको प्रभावकारिता तथा विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि गाउँपालिकाको तर्फबाट सूचना प्रवाह गरिएको थियो । गाउँपालिकाको वेइबसाइड तथा ठूला, साना फ्लाक्स प्रिन्ट बनाई गाउँपालिका वडा कार्यालय तथा बजार केन्द्रमा टाँस गरिएको थियो। सार्वजनिक सुनुवाई हुनुभन्दा ७ (सात) दिन अगावै सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन गरिएको थियो। सबै वडाअध्यक्षहरुलाई फोन मार्फत तयारी गर्नुपर्ने विषयवस्तु लगाएत आवश्यक तयारीको विषयमा जानकारी गराइएको थियो । गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटीमा सार्बजनिक सूचना टाँस गरिएको थियो। त्यस्तै वडा कार्यालयबाट टोल विकास संस्था, विद्यालय, उपभोक्ता समितिका पदाधिकारीहरु तथा स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको सहभागीता सुनिश्चितताको लागि खबर गर्ने कार्य गरिएको थियो । त्यसैगरि गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुलाई प्रतिनिधिहरुको सहभागीता लागि गाउँपालिका मार्फत सूचना गरिएको थियो ।



## कार्यान्वयन चरण

बागमती गाउँपालिकाको कार्यालय भट्टेडाँडा ललितपुरको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.मा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । गाउँपालिकाको अध्यक्ष **श्री बिर बहादुर लोप्चन**को अध्यक्षतामा संचालन भएको सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो । स्वतन्त्र सहजकर्ता **श्री उमङ्ग मैनाली**ले सार्वजनिक सुनुवाई संचालनको विषयमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको विषयमा बागमती गाउँपालिकाको उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**ले जानकारी गराउनु भएको थियो । सार्वजनिक सुनुवाईमा गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को हालसम्म भएको आय-व्यय लगायत समग्र भौतिक तथा बित्तीय प्रगतीको अवस्थाको विषयमा प्रमुख प्रशासकीय अधिकृत **श्री बालकृष्ण थापा**ले जानकारी गराउनु भएको थियो । त्यसपछि बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-२० अनुसार संकलन गरिएको **बहिर्गमन अभिमत**को नतिजा सहजकर्ताले प्रस्तुतीकरण गर्नुहुँदै नागरिकहरुबाट आएका सकरात्मक पक्ष र सुधारात्मक पक्षहरुको विषयमा पनि जानकारी गराउनु भएको थियो ।

प्रस्तुतीकरण पश्चात् चरणगत रुपमा नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष र अध्यक्षले आफूसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिनुभएको थियो । हाक्काहक्की प्रश्नोत्तर शैलीमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सबैलाई धन्यवाद दिँदै गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन**ले समापन गर्नु भएको थियो ।

## ७. कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाईमा आएका मुख्य प्रश्न तथा उत्तरहरु निम्नानुसार रहेका छन् :

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्न/गुनासा/सुझाव | जवाफदेहि वक्ताको नाम र पद | जवाफ |
|---|---|---|---|---|
| १. | **राम बहादुर थिङ** बागमती गापा-२ | गाउँपालिकामा शिक्षाको गुणस्तर खस्कँदै गएको अवस्थामा गुणस्तरीय शिक्षाको लागि के योजना रहेकोछ ? | **बिर बहादुर लोप्चन** गापा अध्यक्ष | शैक्षिक विकास तथा गुणस्तरको लागि हामी अत्यन्तै लागि परेकाछौं । शिक्षाको क्षेत्रमा बागमती गाउँपालिकालाई अगुवा बनाउन नीतिमा नै समावेश गरी कार्य गरि रहेकाछौं । |
| २. | **रुपा परियार** बागमती गापा-२ | ▪ कालीदेवी माविमा विज्ञान विषयको शिक्षक मागेको ३ महिना भयो । किन पदपूर्तिमा रोकियो ?<br>▪ गत असोज ११ र १२ आएको बाढीले | **बिर बहादुर लोप्चन** गापा अध्यक्ष | ▪ आवश्यकता हो भनी मैले नै स्वीकृति दिएको हो । विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी यथाशीघ्र विज्ञान विषयको शिक्षक पदपूर्ति गर्नेछौं ।<br>▪ धेरै वडाहरुमा बिग्रीएको सिंचाई कुलो मर्मत गरी |

| | | | | |
|---|---|---|---|---|
| | | माल्टाबेसीमा खेतीयोग्य जमिन र कुलो बगायो । धान रोप्ने बेलासम्म पनि कुलो निर्माण तथा पुरिएको जमिनलाई व्यवस्थापन किन गरिएन ? | | भुक्तानी गरिएकोछ । वडा नं २ मा समस्या भएको कुरा मलाई आज मात्र थाहा भयो । मागको आधारमा गरिएको हुँदा समयमा नै माग्ने बानी बसालौं । |
| ३. | **सन्तोष चौरेल** बागमती गापा-३ | जीवन बिज्ञान प्रयोगशाला वडा नं ३ को सहयोगमा सुरुवात् भएकोछ । योग तथा ध्यानको कारण नसर्ने रोगबाट बच्न मद्धत गर्ने भएको हुँदा गाउँपालिका तथा अन्य वडामा समेत प्रयोगशाला पुऱ्याउनको लागि अनुरोध गर्दछु । | **बिर बहादुर लोप्चन** गापा अध्यक्ष | जीवन बिज्ञान, योग ध्यान अत्यन्तै आवश्यक विषय हो । यो वडा नं ३ बाट सुरु गरिएको नविन कार्य हो । हामी सहकार्य गर्न तयार छौँ । |
| ४. | **जय बहादुर भुलुङ** बागमती गापा-७ | ▪ कृषि शाखामा कर्मचारी छन् तर फिल्डमा देखिँदैन । उहाँहरुले मासिक प्रतिवेदन बुझाउनु हुन्छ कि हुन्न ?<br>▪ गाउँपालिकाले कृषकहरुसँग कत्तिको समन्वयमा काम गर्नु भएकोछ ?<br>▪ उपभोक्ता समितिको पदाधिकारीलाई अभिमुखीकरण नगर्दा काम लामो र झण्झटिलो भएको देखिन्छ । उपभोक्ता समिति गठन पश्चात् अनुशिक्षण गर्न सकिँदैन ? | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | ▪ हरेक विषयगत शाखाको कामको सम्पादन गर्ने गरिएकोछ । उहाँहरुले आफूले सम्पादन गरेको कामको प्रतिवेदन कार्यालयमा बुझाउनु हुन्छ ।<br>▪ फिल्डमा कृषि प्राविधिकहरु नियमित बस्ने भएको हुँदा कृषकसँग समन्वय भएको देखिन्छ । यदि सबै कृषकसम्म पुग्न नसकेको भएमा कृषि प्राविधिकलाई सम्पर्क गरी सेवा लिन सकिन्छ ।<br>▪ उपभोक्ता समितिबाट गरिने कामलाई थप सहजताको लागि उपभोक्ता समिति गठन पश्चात् अनिवार्य रुपमा अनुशिक्षण गर्दै थप प्रभावकारी बनाउनेछौं । |

| | | | | |
|---|---|---|---|---|
| ५. | **राम बहादुर थिङ** बागमती गापा-२ | ○ बसाईसरी आउने भन्दा गाउँपालिकाबाट जानेको संख्या धेरै देखिएको हुँदा कसरी न्यूनीकरण गर्न सकिन्छ ?<br><br>○ विकासका कार्यक्रमहरु संचालन गर्दा निष्पक्षताको आधारमा संचालन गर्नुपर्‍यो ?<br><br>○ गाउँपालिकाको नाराले कृषिलाई प्राथमिकतामा राखिएको भएपनि बजारीकरणको नीति कसरी बनाउनु भएकोछ ? | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | ○ हामीले गाउँपालिकामा धेरै विकास गरेका छौं। संरचनाहरु रहरलाग्दा बनेका छन् । जनतालाई रोक्ने नीति कहींपनि छैन । रोक्ने कुरा अत्यन्तै गाह्रो छ । देश बिदेशमा जाने गरेको देखिन्छ । गाउँपालिकाले नागरिकताको आवश्यकताको आधारमा कृषि, पशु, शिक्षा, स्वास्थ्य, पूर्वाधार जस्ता क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट बनाएकोछ ।<br>○ कर्मचारीको लागि सेवाग्राही सबै बराबरी हो । हामी कसैलाई चिन्दैनौं । हामीले निष्पक्ष भएर काम गरेको र गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।<br>○ गाउँपालिकाको आम्दानी सीमित हुँदा नारा अनुसार गर्न सकेका छैनौं । कोरियन कम्पनीसँग बजारीकरणको लागि छलफल भई रहेकोछ । उक्त कार्य भएमा उन्नत उत्पादन, बीऊ र बजारीकरणमा सहयोग पुग्नेछ । |
| ६. | **शिवप्रसाद संजेल** बागमती गापा-३ | गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको लागि जानु आगाडि कस्तो नीति लिने गरेकोछ ? | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | स्थानीय सरकारको लागि संविधानले नै २२ वटा एकल अधिकार दिएकोछ। गाउँपालिकाले कार्यक्रम कार्यलाई सहजताको लागि २९ वटा ऐन तथा ७३ वटा कार्यविधि, नियमावली, मापदण्ड बनाएको छौं । यिनै कानुनलाई टेकेर र स्थानीय कानून नभएको सन्दर्भमा संघीय कानूनको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने गरेका छौं । कानून विपरीत कुनै कामहरु गर्न मिल्दैन । |

| | | | | |
|---|---|---|---|---|
| ७. | **बीर बहादुर स्याङ्तान** बागमती गापा-३ | गाउँपालिकाले कार्यान्वय गरेको एकल पुरुष भत्ता अत्यन्तै प्रभावकारी रहेकोछ । ६० वर्ष माथि उमेर समुहकाले पाउने उक्त भत्ताबाट उपचार लगायतका दैनिक कामलाई सहजता बनाएको हुँदा समयमा नै उपलब्ध गराइदिनु पर्‍यो । | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | हामीले गाउँपालिकाको प्रभावकारी र अनुकरणनीय कार्यको रुपमा रहेको एकल पुरुष भत्ता समयमा नै दिन सकेका छैनौं । संघीय बजेट घटेको कारण पनि चौमासिक रुपमा पठाउन सकिएको छैन । लाभग्राहीको बैंक खाता अद्यावधिक नरहेको आवस्था पनि रहेकोछ । चैत्र महिनासम्मको भत्ता वापत्को रकम हिजोमात्र वडा सचिवको नाममा निकासा दिइएकोछ । |
| ८. | **सन्तोष चौरेल** बागमती गापा-३ | गाउँपालिकाले नीति तथा बजेट बनाउँदा कृषि र पर्यटनलाई आरोग्य पर्यटनसँग जोड्न अनुरोध गर्दछु । | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिकाले नीति तथा बजेट बनाउँदा कृषि र पर्यटनलाई आरोग्य पर्यटनसँग जोड्न प्रयत्न गर्नेछौं । |
| ९. | **सुमन घिमिरे** बागमती गापा-३ | गाउँपालिकामा बढ्दो जनसंख्यालाई हेर्दा फोहोर मैला व्यवस्थापनको लागि गाउँपालिकाको दीर्घकालीन सोच के रहेकोछ ? | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिकाले लैण्डफिड साइड निर्माण गरेको छैन । गाउँपालिकाको भुगोल अफ्टेरो रहेकोछ । नजिकको स्थानीय सरकारसँग समन्वय गरी फोहोर मैला व्यवस्थापन गर्छौं र दीर्घकालीन समाधानको लागि समेत सचेत हुनेछौं । |
| १०. | **बहिर्गमन अभिमतबाट** | ○ वडामा सूचना समयमा नै पुर्‍याउनु पर्ने ।<br>○ सेवा दिने प्रक्रिया अलि छिटो छरितो बनाउँदै झण्झट रहित गराउनुपर्ने ।<br>○ गाउँपालिकाको सेवालाई एकीकृत घुम्ती शिविर | **बालकृष्ण थापा** प्रमुख प्रशासकीय अधिकृत | ○ नागरिकहरुले पनि नियमित रुपमा वडामा सम्पर्क गर्ने बानी बसलौं । गाउँपालिकाबाट समयमा नै सुचना पठाएकाछौं ।<br>○ सेवा दिने प्रक्रिया कानुन र विधि अनुसार हुने गर्दछ । कानुन र विधिको अनुशरण गरी झण्झट रहित गर्ने प्रयत्न गाउँपालिको रहेकोछ । सेवाग्राही पनि कामको प्रक्रिया पुरा गरेमा कम झण्झट हुने देखिन्छ ।<br>○ गाउँपालिकाले एकीकृत घुम्ती शिविर मार्फत संभव भएसम्म सेवा प्रवाह गर्नेछौं । |

| | | | | |
|---|---|---|---|---|
| | | मार्फत घरदैलोमा सेवा पुऱ्याउनु पर्ने ।<br>○ कर्मचारीहरु नियमित कार्यालय समयमा कार्यालय बस्नुपर्ने ।<br><br>○ कृषकलाई आवश्यक पर्याप्त बीऊ बिजनको व्यवस्थापन गर्नुपर्ने ।<br><br>○ वडा कार्यालयहरुमा नागरिक बडापत्र देखिने गरी राखी सोही अनुसार सेवा प्रवाह गर्नुपर्ने । | | ○ कार्यालयमा नियमित कर्मचारी बस्नुपर्छ । स्थानीय तहको काम धेरै हुन्छन् । वडा तथा विभिन्न कार्यक्रमहरुमा पनि जानुपर्ने हुन्छ । सकेसम्म व्यवस्थापन तथा अधिकार प्रत्यायोजन समेत गरेर सेवा नियमितताको लागि कार्य गरेकाछौं ।<br>○ गाउँपालिकाको मुख्य प्राथमिकतामा नै कृषि रहेकोछ । सीमित स्रोतको कारण लिएको लक्ष्य अनुसार काम गर्न सकिएको छैन ।<br>○ वडा कार्यालयमा डिजीटल नागरिक बडापत्र रहेकोछ । वडा कार्यालयहरुको सबैले देखिने स्थानमा आगामि आर्थिक बर्ष २०८२/०८३ को पहिलो चौमासिकभित्र नागरिक बडापत्र राखी सोही अनुसार सेवा प्रवाह गराउनेछौं । |
| ११. | **जय बहादुर भुलुङ**<br>बागमती गापा-७ | प्रधानमन्त्री रोजगारी कार्यक्रम अन्तर्गतको काममा १०० दिन नपुगेको अवस्थामा भुक्तानी हुन्छ कि हुँदैन ? | **प्रदिप कुमार यादव**<br>रोजगार संयोजक | प्रधानमन्त्री रोजगारी कार्यक्रम अन्तर्गत गाउँपालिकाको साझेदारीमा पनि काम भएकोछ । प्राविधिले मूल्याङ्कन गरे अनुसार हुनेछ । यदि १०० दिन नपुगेको अवस्था रहेको भएपनि भुक्तानी पाउने व्यवस्था रहेकोछ । |
| **नोट :** सार्वजनिक सुनुवाईमा उपाध्यक्ष तथा वडा अध्यक्षहरुलाई कुनै प्रश्नहरु आएको थिएन । | | | | |

## ८. सार्वजनिक प्रतिवद्धता कार्यान्वयनको अवस्था

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार अघिल्लो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको विषयमा सार्वजनिक सुनुवाईमा जानकारी गराउनु पर्ने व्यवस्था रहेकोमा गत २०८१ जेठ ८ गते भएको सार्वजनिक सुनुवाईका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण थापाले जानकारी गराउनु भएको थियो ।

**प्रतिबद्धता नं १.** बागमती गाउँपालिका तथा वडा कार्यालयबाट संचालन गरिने योजनाहरुको समयमा नै प्रभावकारी अनुगमन गर्ने/गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**कार्यान्वयनको अवस्था :** बागमती गाउँपालिका तथा वडा कार्यालयबाट संचालन गरिने योजनाहरु हरेक वडा अध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समिति तथा गाउँपालिका उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिबाट समयमा नै प्रभावकारी रुपमा अनुगमन गरिएको ।

**प्रतिबद्धता नं २.** बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार हरेक ४/४ महिनामा सार्वजनिक सुनुवाई गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार हरेक ४/४ महिनामा सार्वजनिक सुनुवाई गर्ने ब्यवस्था रहेको भएपनि आगामि आर्थिक बर्षबाट अनिवार्य रुपमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई संचालन गर्ने ।

**प्रतिबद्धता नं ३.** बागमती गाउँपालिकाको आगामि नीति तथा कार्यक्रम तर्जुमा गर्दा रोजगारी र कृषि क्षेत्रमा प्रत्यक्ष फाइदा पुग्ने गरी तर्जुमा गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** बागमती गाउँपालिकाको आगामि नीति तथा कार्यक्रम तर्जुमा गर्दा रोजगारी र कृषि क्षेत्रमा प्रत्यक्ष फाइदा पुग्ने गरी तर्जुमा गर्न तथा कार्यान्वयनको लागि प्रतिबद्ध रहेको ।

**प्रतिबद्धता नं ४.** बागमती गाउँपालिकाबाट सेवा प्रवाहमा नागरिकहरुको सहभागीता बृद्धिको लागि सूचना प्रविधिलाई प्रभावकारी बनाउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** बागमती गाउँपालिकाबाट सेवा प्रवाहमा नागरिकहरुको सहभागीता बृद्धिको लागि सूचना प्रविधिलाई प्रभावकारी बनाइएको । गाउँपालिकाबाट वेवसाइट, वडाको फेसबुक ग्रुप, जनप्रतिनिधिको फेसबुक ग्रुपमा पठाउनुको साथै सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीबाट प्रभावकारी कार्य भइरहेको ।

## ९. सार्वजनिक प्रतिबद्धता

सार्वजनिक सुनवाई संचालनको क्रममा धेरै प्रश्न, जिज्ञासा तथा गुनासाहरु आएकामा अधिकाँशको तत्काल नै समाधान भएको थियो । विभिन्न ३ (तीन) बुँदाहरुमा गाउँपालिकाको तर्फबाट सार्वजनिक प्रतिबद्धता जारी भई हस्ताक्षर गरिएको थियो । प्रतिबद्धताको हस्ताक्षर प्रति **अनुसूची-४** मा रहेकोछ ।

**प्रतिबद्धता नं १.** बागमती गाउँपालिकाको वडा कार्यालयहरुको सबैले देखिने स्थानमा आगामि आर्थिक बर्ष २०८२/०८३ को पहिलो चौमासिकभित्र नागरिक बडापत्र राखी सोही अनुसार सेवा प्रवाह गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**प्रतिबद्धता नं २.** उपभोक्ता समितिबाट गरिने कामलाई थप सहजताको लागि उपभोक्ता समिति गठन पश्चात् अनिवार्य रुपमा अनुशिक्षण गर्दै थप प्रभावकारी बनाउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**प्रतिबद्धता नं ३.** बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**प्रतिबद्धतामा हस्ताक्षर गर्नेहरु:**

- बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन**
- बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**
- बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री बालकृष्ण थापा**

## १०. कार्यक्रमको सवल पक्षहरु

- गाउँपालिकाको तर्फबाट चालु आ.बमा भएका समग्र भौतिक र बित्तीय प्रगती प्रस्तुतीकरण गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र सहजकर्ता तथा तेस्रो पक्षको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन गरिएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- सार्वजनिक सुनुवाईको विषयमा गाउँपालिकाले सूचना बनाई बेइबसाइड तथा सार्वजनिक स्थलमा टाँस गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न मस्यौदा कार्यविधि अनुसारको बहिर्गमन अभिमत संकलन गरी नतिजा प्रस्तुतीकरण गरिएको ।
- संचारकर्मीको सहभागीतामा सार्वजनिक सुनुवाई संचालन गरिएको ।
- सार्वजनिक सुनुवाईको गाउँपालिकाको फेसबुक पेज र जनसंवाद डटकमको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गरि प्रश्नात्तोर गर्ने प्रयत्न गरिएको ।
- विभिन्न तीन बुँदाहरुमा सार्वजनिक प्रतिबद्धता गरिएको ।
- बार्षिक रुपमा गाउँपालिकको कार्यविधि अनुसार संचालन गरिएको ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु

- हरेक चौमासिक अवधिभित्र नै गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन गर्दा बढी प्रभावकारी एवं नागरिक सहभागीता बढ्ने ।
- बहिर्गमन अभिमत संचालन गर्दा सेवाग्राहीको संख्याबृद्धि गर्नुपर्ने ।
- नागरिक प्रतिवेदन पत्र समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- वडा-वडामा सार्वजनिक सुनुवाई संचालन पश्चात् गाउँपालिकास्तरमा संचालन गर्दा प्रभावकारी हुने ।
- पर्चा, पम्प्लेट तथा फ्लाक्ससीट तयार गरी वडा तथा बस्तीस्तरसम्म प्रचार-प्रसार गर्न सके अझै प्रभावकारी हुने ।
- स्थानीय एफ्‌एम्‌बाट प्रत्यक्ष प्रशारण (लाइभ) गर्न सके अझै नागरिकहरुसम्म सूचना पुऱ्याउन सजिलो हुने ।


## १२. समस्याहरु

- भौगोलिक अवस्थाका कारण सेवाग्राही नागरिक जुटाउन समस्या ।
- सेवाग्राहीको उपस्थिति संख्या न्यून भएको ।
- नागरिक प्रतिवेदन संचालन गर्न नसकिएको ।
- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु तथा अन्त्य गर्न नसकिएको ।
- बसाई ब्यवस्थापनमा केही समस्या भएको ।
- सार्वजनिक सुनुवाईको समयमा बर्षाद् भएको कारण सेवाग्राही आउन तथा कार्यक्रम खुल्ला स्थानमा संचालनमा समस्या भएको ।

## १३. निष्कर्ष

बागमती गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीहरुबीच छलफल गराउँदै जनप्रतिनिधिहरु तथा सम्बन्धित कर्मचारीहरुलाई थप जवाफदेही बनाउने तथा सेवाग्राहीहरुको गुनासा, जिज्ञासा र सुझावहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म प्रबाह भएका सार्वजनिक सेवाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई समग्रमा प्रभावकारी नै रहेको मान्न सकिन्छ । बागमती गाउँपालिकाको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.को सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषिमा केन्द्रमा राखी कार्य गर्नुपर्ने, योजनाको काम प्रभावकारी बनाउनु पर्ने, प्रधानमन्त्री रोजगारी कार्यक्रम समयमा नै संचालन गर्दै थप प्रभावकारी बनाउनु पर्ने, एकक सामाजिक सुरक्षा भत्ता समयमा नै भुक्तानी गर्नुपर्ने, गाउँपालिकाको नीति तथा कार्यक्रम गरीबीलाई केन्द्रीत गरी बनाउनु पर्ने, सूचनामा नागरिकको पहुँच बृद्धि गर्नुपर्ने, ग्रामीण सडकको दीगो विकासका लागि गाउँपालिकाले कार्य योजना बनाई कार्यक्रमहरु संचालन गर्नुपर्ने लगायतका प्रश्न तथा सुझाव दिएका थिए ।

सार्वजनिक सुनुवाईमा सहभागी सर्वसाधारण नागरिकहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । सार्वजनिक सुनुवाईका सहभागीहरुले यस्तो हाक्काहाक्की प्रश्नउत्तर गर्न पाईने सार्वजनिक सुनुवाई जस्तो कार्यक्रम संचालन हुँदा उपलब्धिमूलक भएको विचार व्यक्त गरेका थिए । विकास निर्माणमा नागरिकहरुको सहभागीता तथा सूचनाको हकको कार्यान्वयनको लागि समेत सार्वजनिक सुनुवाईले सहज बनाउने बताएका थिए । सार्वजनिक सुनुवाईमा बहिर्गमन अभिमत संकलन गरी प्राप्त नतिजा सरोकारवालाहरुलाई जानकारी गराएबाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । गाउँपालिकाबाट सार्वजनिक सुनुवाई हरेक चौमासिक अवधिभित्र नै नागरिकहरुको सहभागीता बृद्धि गर्दै संचालन गर्नसके सार्वजनिक सेवा तथा विकास निर्माणमा थप पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ ।



(समाप्त)

# अनुसूची-१
## तस्वीरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनुवाईमा गाउँपालिका सम्बन्धी उठेका विषयहरुको जवाफ दिनुहुँदै गापा अध्यक्ष श्री बिर बहादुर लोप्चन ।




सार्वजनिक सुनुवाईमा स्वातग् सहित उद्देश्यको विषयमा जानकारी गराउनु हुँदै भक्तबहादुर दर्लामी मगर ।




गाउँपालिकाको भौतिक तथा बित्तीय प्रगती प्रस्तुतीकरण गर्नुहुँदै प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण थापा ।




सार्वजनिक सुनुवाई सहजीकरण गर्नुहुँदै स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनाली ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।




सार्वजनिक सुनुवाईका जवाफदेहि बक्ताहरु ।



सार्वजनिक सुनुवाईमा प्रश्नको उत्तर दिनु हुँदै रोजगार संयोजक श्री प्रदिप कुमार यादव ।



सार्वजनिक सुनुवाईका सहभागीहरु ।

## अनुसूची-२

## बहिर्गमन अभिमतको नतिजा/प्रतिवेदन

(बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-२० अनुसार संकलन गरिएको)

बहिर्गमन अभिमत (Exit Poll)

**संक्षिप्त प्रतिवेदन**

बागमती गाउँपालिका

**सार्वजनिक सुनुवाई**

**३० जेठ २०८२**

| | | | | | |
|---|---|---|---|---|---|
| **संचालन गरिएको अवधि** | | **देखि** | जेठ २५ | **सम्म** | जेठ २८ |
| **जम्मा सेवाग्राही** | १०० जना | **महिला** | जना (३१%) | **पुरुष** | जना (६९%) |

### १. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?

| शीर्षक | अंक | प्रतिशत | कैफिएत |
|---|---|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ४५ | ४५% | |
| अनुमति/दर्ता/नविकरण | ५ | ५% | |
| आर्थिक सहयोग लिन | २ | २% | |
| योजना माग गर्न | २० | २०% | |
| योजनाको किस्ता लिन | ८ | ८% | |
| योजनाको मूल्याङ्कन तथा फरफारक गराउन | २ | २% | |
| योजनाको अन्तिम भुक्तानी लिन | १० | १०% | |
| स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न | ५ | ५% | |
| सूचनामूलक सामग्री प्राप्त गर्न | ० | ० | |
| **अन्य कुनै भए** (सामाजिक सुरक्षा, कर, जन्मदर्ता) | ३ | ३% | |
| **जम्मा** | **१००** | **१००%** | |

### २. नागरिकहरुबाट प्राप्त अभिमत

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन (उपयुक्त कोष्ठमा रेजा लगाउने) | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईंको धारणा के-कस्तो ? | अति स्पष्ट | | ठीकै | | अस्पष्ट | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ३७ | ३७ | ६२ | ६२ | १ | १ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | | ठीकै | | थोरै | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ४० | ४० | ६० | ६० | ० | ० |
| ३ | तपाईं प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | | ठीकै | | अभद्र/अमर्यादित | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ५५ | ५५ | ४५ | ४५ | ० | ० |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे | अति स्पष्ट गरिदिए | | ठीकै | | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तपाईँलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ८० | ८० | १८ | १८ | २ | २ |
| ५ | तपाईंले राख्नुभएका समस्यालाई के कस्तो समाधार दिए ? | अति सजिलो तरिबाट समाधान दिए | | ठीकै | | समाधार दिन सकेनन् | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ३५ | ३५ | ६१ | ६१ | ४ | ४ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (छिटो) | | ठीकै | | लामो | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | २९ | २९ | ६० | ६० | ११ | ११ |

## ३. नागरिकहरुबाट प्राप्त सकरात्मक पक्षहरु

- वडा तथा गाउँपालिकाको कार्यालयबाट काम छिटो छरितो तरिकाबाट भएको ।
- कर्मचारीको बानी ब्यहोरा राम्रो तथा मिलनसार रहेको ।
- सेवाग्राहीलाई कार्यालय समय बाहिर तथा बिदाको दिन पनि सेवा प्रवाह गर्ने गरेको ।
- जनप्रतिनिधि तथा कर्मचारीबाट कामको लागि आवश्यक सहजीकरण भएको ।
- गाउँपालिकामा शाखाहरु स्पष्ट तोकी सेवा प्रवाह गरिएको ।
- वडा कार्यालयमा वडा अध्यक्षको उपस्थिति प्रभावकारी रहेको ।
- गाउँपालिकामा पूर्वाधार सम्पन्न तथा नागरिक वडापत्र समेत रहेको ।
- गाउँपालिकाको विकास निर्माण प्रक्रिया सन्तोषजनक रहेको ।
- वडा तथा गाउँपालिकाको सूचना प्रभावकारी रहेको ।

## ४. नागरिकहरुबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- वडा अध्यक्षज्यूको वडा कार्यालयमा उपस्थिति बढाउनुपर्ने ।
- वडामा सूचना समयमा नै पुऱ्याउनु पर्ने ।
- योजनाको प्राथमिकीकरण आवश्यकताको आधारमा गराउँदै समयमा नै गर्नुपर्ने ।
- सेवा दिने प्रक्रिया अलि छिटो छरितो बनाउँदै झण्झट रहित गराउनुपर्ने ।
- अनुदान वितरण सबै वडाबासीमा सुचना दिँदै बास्तविक आवश्यकताको आधारमा वितरण गरी प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- गाउँपालिकाको सेवालाई एकिकृत घुम्ती सिविर मार्फत घरदैलोमा पुऱ्याउनु पर्ने ।
- गाउँपालिका तथा वडाबाट आफ्नो र अर्काको मान्छे नभनीकन सेवा प्रवाह गर्नुपर्ने ।
- गाउँपालिकाबाट सेवा छिटो र प्रभावकारी बनाई आवश्यकता अनुसार सहजीकरण गर्नुपर्ने ।
- योजनाको गुणस्तरीय तथा नतिजामा आधारित भई अनुगमन समयमा नै गर्नुपर्ने ।
- कर्मचारीहरु नियमित कार्यालय समयमा कार्यालय बस्नुपर्ने ।
- कृषकलाई आवश्यक पर्याप्त बीऊ बिजनको ब्यवस्थापन गर्नुपर्ने ।
- कच्ची सडक संरचनालाई दीगो बनाउनुपर्ने ।
- वडा कार्यालयहरुमा नागरिक बडापत्र देखिने गरी राखी सोही अनुसार सेवा प्रवाह गर्नुपर्ने ।

**समाप्त**

## अनुसूची-३

## सार्वजनिक सुनुवाई संचालन तालिका

### **“कृषि, पर्यटन र पूर्वाधार : समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार”**

बागमती गाउँपालिका तथा वडा कार्यालयहरुबाट चालु आ.ब २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक **सार्वजनिक सुनुवाई**

**कार्यक्रम संचालन तालिका**

३० जेठ २०८२

**भट्टेडाँडा, ललितपुर**

**सार्वजनिक सुनुवाईको उद्देश्य**

- बागमती गाउँपालिका, वडा कार्यालय, विषयगत शाखाहरुले चालु आ.व २०८१/०८२ को हालसम्म गरेका काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राहीप्रति सेवा प्रदायकलाई थप जवाफदेही बनाउने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- आगामि दिनहरुमा थप सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति दिलाउने ।

**कानूनी आधारहरु**

- **नेपालको संविधान २०७२ को प्रस्तावनामा** सुशासन, पारदर्शीता र जबाफदेहिता प्रबर्द्धन ।
- नेपालको संविधान २०७२ को धारा ५१ **राज्यको निर्देशक सिद्धान्त (च.३)** मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्ने
- नेपालको संविधान २०७२ को **धारा २७ (मौलिक हक) सूचनाको हक**ले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने ब्यवस्था गरेको ।
- **सुशासन ऐन २०६४ को दफा ३० (१)** ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानून सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाइ गराउनु पर्ने ।
- **स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावनामा** नै उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्ने कुरा स्पष्ट रुपमा किटान गरिएको ।
- **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु**को उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा **सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुप**मा संचालन गर्नुपर्ने ।
- **स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यसम्पादन कार्यविधि २०७७** मा पनि नागरिकहरुबाट नियमित रुपमा सेवा सन्तुष्टीको मापन गर्नुपर्ने, नागरिकहरुको गुनासो फट्छयौट गर्नुपर्ने र नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।
- **स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७** अनुसार सार्वजनिक निकायहरुले **कम्तीमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने** ।

- ○ **गाउँपालिका/नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा)** **मा हरेक चौमासिक रुपमा सार्वजनिक सुनुवाई** आयोजना गरी सेवाग्राहीको पीर,मर्का, गुनासाहरु सुन्नुपर्ने व्यवस्था गरेको ।

**कार्यक्रम विवरण**

- मिति : ३० जेठ २०८२ शुक्रवार
- स्थान : बागमती गाउँपालिकाको परिसर भट्टेडाँडा
- समय : दिनको ११ वजेदेखि
- आयोजक : बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुर
- सहजीकरण : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.,मध्यपुरठिमि न.पा.-३, भक्तपुर

१. **संचालन** :- उमङ्ग मैनाली/सहजकर्ता

२. **जवाफदेही वक्ताहरु**

- ○ बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन** *(अध्यक्षता समेत)*
- ○ बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**
- ○ बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री राममणि काफ्ले**
- ○ बागमती गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री ज्ञान बहादुर लो**
- ○ बागमती गाउँपालिका वडा नं २ का कार्यवाहक अध्यक्ष **श्री रामकृष्ण तिमल्सिना**
- ○ बागमती गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री नबराज खड्का**
- ○ बागमती गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री रामकुमार लामा**
- ○ बागमती गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री नवराज तिमिल्सिना**
- ○ बागमती गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री नारायण भोम्जन**
- ○ बागमती गाउँपालिका वडा नं ७ का अध्यक्ष **श्री होम प्रसाद बजगाई**

**अतिथि**

- ○ जनसंवाद डटकमका प्रबन्धक **श्री बाबुलाल स्याङ्तान**

**अतिथि तथा संचारकर्मी**

- ▪ निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायत कार्यक्रममा उपस्थित सबैलाई **यथास्थानमा तालीको साथ आसन ग्रहणको** लागि अनुरोध **।**

३. स्वागत सहित कार्यक्रमको उद्देश्य :- बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**

४. आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी) :-संचालक

**५.** बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री बालकृष्ण थापाबाट**

- ○ बागमती गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को हालसम्म भएको आयव्यय लगायत भौतिक र बित्तीय समग्र प्रगतीको अवस्थाको जानकारी ।

६. बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-२० अनुसार **संकलन गरिएको बहिर्गमन अभिमतको नतिजा प्रस्तुती**

**गत २०८१ जेठ ८ गतेको सार्वजनिक सुनुवाईको प्रतिबद्धता कार्यान्वयनको अवस्था**

**<u>प्रतिबद्धता नं १.</u>** बागमती गाउँपालिका तथा वडा कार्यालयबाट संचालन गरिने योजनाहरुको समयमा नै प्रभावकारी अनुगमन गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धता नं २.</u>** बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार हरेक ४/४ महिनामा सार्वजनिक सुनुवाई गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धता नं ३.</u>** बागमती गाउँपालिकाको आगामि नीति तथा कार्यक्रम तर्जुमा गर्दा रोजगारी र कृषि क्षेत्रमा प्रत्यक्ष फाइदा पुग्ने गरी तर्जुमा गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धता नं ४.</u>** बागमती गाउँपालिकाबाट सेवा प्रवाहमा नागरिकहरुको सहभागीता बृद्धिको लागि सूचना प्रविधिलाई प्रभावकारी बनाउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**खुल्ला छलफल/हाक्कहाक्की प्रश्नोत्तर/सवालजवाफ**

७. धन्यवाद ज्ञापन तथा समापन : बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन**

प्रतिबद्धता तयारी तथा हस्ताक्षर

**चिया, खाजा**

# अनुसूची-४
## सार्वजनिक सुनुवाईको प्रतिबद्धता

**"कृषि, पर्यटन र पूर्वाधार : समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार"**

**बागमती गाउँपालिका तथा वडा कार्यालयहरुबाट चालु आ.ब २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई**

**साझा सार्वजनिक प्रतिबद्धताको घोषणा-पत्र**
३० जेठ २०८२, भट्टेडाँडा, ललितपुर

स्थानीय तह लगायत सार्वजनिक सस्थाहरुले प्रवाहगर्ने वस्तु, सेवा र सुविधाको प्रभावकारिताका बिषयमा सरोकारवालाहरुलाई जानकारी दिने, खुला मञ्चमा साझा सवालहरुमा बहस, पैरवी गर्ने पद्धतीको विकास गर्ने, लक्षित वर्ग र सेवाग्राहीप्रति जवाफदेही तथा पारदर्शी भएको बोध गराउने एवं सार्वजनिक सेवा प्रबाहलाई चुस्त, दुरुस्त पार्नका लागि पृष्ठपोषण लिने मुख्य उद्देश्यका साथ आज मिति २०८२ साल जेठ ३० गतेका दिन बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुरको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लिको सहजीकरणमा सार्वजनिक सुनुवाई सम्पन्न भएकोछ । ६०. जना भन्दाबढी सरोकारवाला र सहभागीहरुबीच बृहत् रुपमा हाक्काहाक्की प्रश्नोत्तर/छलफल गरी तपसिल बमोजिमका साझा प्रतिबद्धताहरुको घोषणा गरेका छौं । यी साझा प्रतिबद्धताहरुको कार्यान्वयन गर्नुलाई हामीले आफ्नो पूर्ण जवाफदेहिता समेत महशुस गरेकाछौं ।

**प्रतिबद्धताहरु**

| प्रतिबद्धता नं. | प्रतिबद्धता |
|---|---|
| १. | बागमती गाउँपालिकाको वडा कार्यालयहरूमा सबैले देखिने स्थानमा आगामि आ.व. २०८२/०८३ को पहिलो चौमासिक नागरिक वडापत्र राखी सोही अनुसार सेवा प्रवाह गर्ने/गराउने प्रतिबद्धता व्यक्त गर्दछौं । |
| २. | उपभोक्ता समितिबाट गरिने कार्यलाई थप सहजताको लागि उपभोक्ता समिति गठन पश्चात् अनिवार्य रूपमा अनुशिक्षण गर्दै थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं । |
| ३. | बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०६८ अनुसार चौमासिक रूपमा सार्वजनिक सुनुवाई संचालन गर्ने/गराउने प्रतिबद्धता व्यक्त गर्दछौं । |
| | |

**प्रतिबद्धतामा हस्ताक्षर गर्ने**

१. बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन**
२. बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**
३. बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री बालकृष्ण थापा**

## अनुसूची-५
# सार्वजनिक सुनुवाईको उपस्थिति

सार्वजनिक सुनुवाई - बागमती गाउँपालिका

कार्यक्रमको नाम - बागमती गाउँपालिकाबाट चालु आ.व. २०८१/०८२ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माण-को प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

कार्यक्रमको उद्देश्य - बागमती गाउँपालिका, शाखा तथा वडा कार्यालय -हरूबाट प्रवाह गरिएका सेवाको प्रभावकारीता तथा विकास निर्माणको गुणस्तरीयताको विषयमा सरोकारवालाहरूलाई जानकारी गराउँदै सेवा प्रदायक र सेवाग्राहीबीच हाक्काहाक्की प्रश्नोत्तर गराउने।

कार्यक्रम विवरण:
मिति: ३० जेठ २०८२ (शुक्रवार)
स्थान: बागमती गाउँपालिका कार्यालय परिसर भट्टेडाँडा, ललितपुर
समय: दिनको १:०० बजेबाट

आयोजक: बागमती गाउँपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर
सहजीकरण: हेल्पीङ्ग ह्याण्ड्स कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि. भक्तपुर

उपस्थिति विवरण

| क्र.सं. | सहभागीको नाम | आवद्ध कार्यालय/संस्था | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री विर बहादुर लोप्चन | बागमती गापा | अध्यक्ष | | |
| २. | श्री भक्तबहादुर दर्लामी मगर | " " | उपाध्यक्ष | | |
| ३. | श्री बालकृष्ण थापा | " " | प्रप्रअ | | |
| ४. | श्री ज्ञानबहादुर आले | " " | वडाअध्यक्ष-१ | | |
| ५. | श्री राम ब. मुलुत तामाङ | " " | " -२ | — | |
| ६. | श्री नवराज खड्का | " " | " -३ | | |
| ७. | श्री रामकुमार तामाङ | " " | " -४ | | |
| ८. | श्री नवराज तिमल्सिना | " " | " -५ | | |
| ९. | श्री नारायण श्रेष्ठ | " " | " -६ | | |
| १०. | श्री होमप्र. बजगाईं | " " | " -७ | | |
| ११ | रामकृष्ण तिमल्सिना | " " | वडा सदस्य-२ | | |

| क्र.सं. | सहभागीको नाम | कार्यालय / ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १२. | लक्ष्मी बहादुर भुजेल | बागमती-६ माल्टा वडा सदस्य | [signature] |
| १३ | जय बहादुर भुजेल | बागमती-६, गिम्दी वडा सदस्य | [signature] |
| १४ | दिलिप घिमिरे | हुप्पैली | [signature] |
| १५ | हरि प्रसाद [illegible] | हुप्पैली | [signature] |
| १६ | अरुण सुबेदी | ,, | [signature] |
| १७. | राम बहादुर थिङ | माल्टा, ज्यामिरे | [signature] |
| १८ | टिका बहादुर खड्का | ६ नं. वडा हुप्पैली | [signature] |
| १९ | प्रदिप विष्ट | ४ नं वडा सचिव | D. Bista [signature] |
| २० | प्रल्हाद भण्डारी | ३ नं. वडा सचिव | [signature] |
| २१. | प्रताप बुढा | कृषि विकास शाखा, बागमती गा.पा. | [signature] |
| २२. | सरिता विष्ट | १ नं. वडा, सचिव | [signature] |
| २३ | भोलानाथ आचार्य | जैविक पारिस्थितिकी [illegible] | [signature] |
| २४ | उपा परियार | वडा सदस्य माल्टा २ | [signature] |
| २५ | रेवती रमण निरौला | अधिकृत, प्रशासन शाखा प्रमुख | [signature] |
| २६ | मुरलीधर [illegible] | ,, कृषि शाखा | [signature] |
| २७ | रवेन्द्र दर्याकी | आर्थिक प्रशासन शाखा | [signature] |
| २८ | अम्बा बास्तोला | म० बा० शाखा | [signature] |
| २९ | भक्ति तिमल्सिना | भूमि सेवा शाखा | [signature] |
| ३० | लक्ष्मी घिमिरे | म. बा. शाखा | [signature] |
| ३१. | शशि प्रसाद घिमिरे | पशु सेवा शाखा | [signature] |
| ३२. | दुधराज डिम्बा | बा.गा.पा. शिक्षा शाखा | [signature] |
| ३३ | ममता कुइका | बा. गा. पा., प्रशासन शाखा | [signature] |
| ३४ | हरिकला पाउला | ११ वडा सचिव माल्टा | [signature] |
| ३५. | डा. प्रियंका लट्टु | पशु चिकित्सक, पशु सेवा शाखा | [signature] |
| ३६. | सरिता तामाङ | ४ नं. वडा सचिव | [signature] |
| ३७. | लक्ष्मी ओलखा | मं.उ.पा शाखा | [signature] |
| ३८ | रुपा तिमल्सिना | मे.उ.पा शाखा | [signature] |
| ३९ | जमुना खड्का | पञ्जिकरण शाखा | [signature] |
| ४० | लक्ष्मी बस्नेत | राजस्व शाखा | [signature] |
| ४१ | सत्य कार्की | प्राविधिक सहायक | [signature] |

| क्र.सं. | सहभागीको नाम | कार्यालय / ठेगाना | पद | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| ४२ | रूपानन्द घिमिरे | इकुडोल वडा नं ५ | — | [signature] |
| ४३. | समीर श्रेष्ठ | बा.गा.पा.-स्वास्थ्य शाखा | [illegible] | [signature] |
| ४४ | विनट कोइराला | बागमती गा.पा.-चोसगाउँ | [illegible] | [signature] |
| ४५ | शिव प्र. सापकोटा | " " ३ | | [signature] |
| ४६ | [illegible] घिमिरे | " " ३ | — | [signature] |
| ४७ | अमृता नर्दु | " ५ | — | अमृता |
| ४८, | लोकराज घिमिरे | " " ३ | — | [signature] |
| ४९ | सन्तोष चौरेल | " " ३ | — | [signature] |
| ५० | सन्तोष [illegible] | | | सन्तोष |
| ५१ | केशव राज बस्नेत | बागमती गा.पा.३ | | [signature] |
| ५२ | संजय [illegible] | बागमती गा.पा. | प्र.प्र. | [signature] |
| ५३. | राज कुमार सापकोटा | " " | हि.क.इ.न.अ. | [signature] |
| ५४ | सचिना थामी मगर | " " | रोजगार सहायक | [signature] |
| ५५ | कान्ति प्रजा लो | " " | योजना शाखा | [signature] |
| ५३ | आशीष घिमिरे | " " | | [signature] |
| ५४ | दीपक बटाला | " " | पूर्वाधार शाखा प्रमुख | [signature] |
| ५५ | खेम [illegible] | " | | [signature] |
| ५६ | सुदर्शन घिमिरे | " " | | [signature] |
| ५७ | प्रतिक कुमार गिरी | [illegible] -०२, [illegible] | वडा सचिव | [signature] |
| ५८ | अनिता बस्नेत | का.प. | | [signature] |
| ५९ | सुरेश संजेल | बागमती गा.पा. ६ | | [signature] |
| ६० | कमला [illegible] | [illegible] | [illegible] | [signature] |
| ६१ | सुरेश कुमार अधिकारी | बागमती गा.पा. | [illegible] | [signature] |
| ६२. | प्रदिप कुमार यादव | बागमती गा.पा. | रोजगार [illegible] | [signature] |
| ६३ | माधव चौरेल | " | MIS operator | [signature] |
| ६४ | चन्द्र [illegible] | " " ५ | | |
| ६५ | [illegible] स्याङतान | बागमती गा.पा. ५ | वडा सदस्य | [signature] |
| ६६ | जमुना स्याङतान | " " ३ | का.स. | [signature] |
| ६७ | [illegible] स्याङबा, तामाङ | जनसेवा डटकम | पत्रकार | [signature] |
| ६८ | [illegible] | बागमती गा.पा. | [illegible] | [signature] |

| | | | | |
| --- | --- | --- | --- | --- |
| ६९. | उमङ [illegible] | हेटौंडा हेडक्वा. | | [signature] |
| ७० | पुर्ण ब. कार्की | हेटौंडा हेडक्वा. | | [signature] |